जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.द.का.द.नं. ६/०६४/०६५

वर्ष ३९ अंक २८ २०७७ साल माघ २५ गते आइतवार (7 Feb 2021 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारवाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा :** बेल्ही चेपनामा ... **पृष्ठ ३ मा :** रुघा-खोकी र दमको ... **पृष्ठ ४ मा :** महामारीमा स्वास्थ्य सेवा ... **पृष्ठ ५ मा :** दोश्रो पटक कोइलाडीले हात ...

# पर्यटन क्षेत्र र व्यवसायलाई उकास्ने उद्देश्यले प्रदेश २ स्तरिय अभियान सुरु

**राजविराज**/पर्यटन क्षेत्र र व्यवसायलाई उकास्ने उद्देश्यले प्रदेश २ स्तरिय अभियान सप्तरीबाट सुरु भएको छ ।

नेपाल पर्यटन बोर्ड तथा आन्तरिक पर्यटन पुनरुत्थान समिति प्रदेश २ को संयुक्त आयोजनामा सप्तरीको पर्यटकीयस्थल कंचनरुप नगरपालिका वडा नं. ११ स्थित डेंगरीबाट सो अभियान शुक्रबारदेखी सुरु भएको हो ।

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले अभियानको सुरुवात गर्दै पर्यटन क्षेत्रको अवस्था सुधारका लागि प्रदेश सरकारले आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।




प्रदेश २ स्तरिय परिचयात्मक भ्रमण कार्यक्रम नाम दिइएको सो अभियानले कोरोना महामारीका कारण संकटमा परेका पर्यटन क्षेत्र र व्यवसायीलाई अकास्न मद्दत पुग्ने उनको विश्वास छ ।

कार्यक्रममा कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्रले पर्यटकीय स्थलको पहिचान गरि उक्त स्थलहरुलाई बेहुली झैं सिंगारिन सके मात्र पर्यटकीय क्षेत्र र त्यससँग आवद्ध व्यवसायको विकास सम्भव हुने बताए ।

यस्तै नेपाल पर्यटन बोर्डका अधिकृत सागर श्रेष्ठले सप्तरीबाट सुरु भएको अभियान प्रदेश २ का ८ वटै जिल्लाको पर्यटकीय स्थलमा पुगि पर्यटकीय स्थलको भ्रमण, वृत्तचित्र निर्माण र प्रचारप्रसारमा खट्ने कार्यक्रम तय रहेको जानकारी दिए ।

आन्तरिक पर्यटन पुनरुत्थान समिति प्रदेश २ का सहसंयोजक विष्णु साहको अध्यक्षतामा आयोजित कार्यक्रममा भ्रमण टोलीका संयोजक मोहन शर्मा लामिछाने, सदस्य शैलेश चौधरी, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव लगायतले पर्यटन क्षेत्र र यसमा आवद्ध व्यवसायको विकास र संरक्षणका लागि सबै मिलेर काम गर्नु पर्नेमा जोड दिएका थिए ।

# नविकरणमा देखिएका समस्या समाधान गर्न सात जिल्लाका अध्यक्षको माग

**राजविराज**/नेपाल पत्रकार महासंघ प्रदेश नं. २ का सात जिल्लाका शाखा अध्यक्षहरुले प्रदेशिक समिति २ को कमिटिले शाखाहरुको अधिकारलाई कुण्ठित गरि विधान विपरित सदस्यता बितरण, नविकरण र थपघट गर्ने काम गरेको भन्दै त्यसलाई अविलम्ब सच्याउन माग गरेको छ ।



सात जिल्लाका शाखा अध्यक्षहरुको शनिबार जनकपुरमा सम्पन्न बैठकले सो निर्णय गर्दै सदस्यता बितरण र नविकरणको सन्दर्भमा देखिएका समस्याहरु समाधान गर्न माग गरेको हो ।

बैठकपछि शनिबारै धनुषाका जिल्ला अध्यक्ष अनिल मिश्र, रौतहटका रवन्द्रि साह, सप्तरीका जितेन्द्र खड्गा, सिरहाका दिनेश्वर गुप्ता, बाराका कमल उपाध्याय, पर्साका श्याम बन्जारा र सर्लाहीका विश्वनाथ ठाकुरद्वारा जारि संयुक्त विज्ञप्तिमार्फत नविकरणको सन्दर्भमा देखिएका समस्या समाधान नभए नेपाल पत्रकार महासंघ प्रदेश समिति २ को आगामी फागुन १ गते बिरगन्जमा हुने दोश्रो अधिवेशनमा सहभागि नहुने जनाइएको छ ।





नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## हार्दिक बधाई एवं शुभकामना




प्रदेश २ को मिडिया काउन्सिलको अध्यक्षमा शिवहरि प्रसाद भट्टराई र संचार प्राधिकरणको अध्यक्षमा श्यामसुन्दर यादव नियुक्त हुनुभएकोमा हार्दिक बधाईका साथ उहाँहरुको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछु ।

**अनिल कुमार अनल**
**सम्पादक**
नवीन साप्ताहिक

## सम्पादकीय

### सिचाई र किसानको समस्याप्रति गम्भिर हुनु आवश्यक

हाम्रो मुलुक जलश्रोतको दोश्रो धनी मुलुकका साथै कृषि प्रधान देश पनि हो । तर, नदीनालाले भरिएको देशमा किसानले पर्याप्त सिँचाई सुविधा पाएका छैनन् र खेतीयोग्य हरिया खेतवारी खडेरीको माखेसाङलोमा अल्झिएको छ ।

नदीनालाहरुबाट पर्याप्त विजुली उत्पादन गरेर आफु उपयोग गर्ने र बाँकी अरु देशलाई बेच्न सकिने सामर्थ्य प्रकृतिले हामीलाई दिएको छ । तर, वर्षायाममा पनि सिँचाईको अभाव हुने गरेको छ । खेतियोग्य जग्गामा सिँचाई हुन पाइरहेको छैन । नहर छ तर व्यवस्थित छैन । नहरको आवश्यकता छ, तर निर्माण र मर्मत भईरहेको छैन । किसानहरु वर्षा अभावका कारण जेनतेन अन्य उपायबाट केहीले आंशिक रोपाई गरेपनि सिँचाईको समुचित व्यवस्था भने गर्न सकिएको छैन । धान निर्यात गर्ने नेपालले भारतबाट आयात गर्नु परिरहेको यथार्थ छ ।

हाम्रो देशको यो अवस्था किन छ ? हरेक कुरा हुँदाहुँदै पनि असल व्यवस्थापन, कुशल नेतृत्व र इमान्दार इच्छाशक्तिको अभावमा हाम्रा प्राकृतिक श्रोत र साधनको हामीले समुचित उपयोग र संरक्षण गर्न सकिरहेका छैनौं । तसर्थ यस्ता मुद्दाहरुलाई तीनै तहका सरकारले गम्भिरतापूवर्क अध्ययन गरि समाधानको उपाय सोच्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बेल्ही चेपनामा महायज्ञ हुँदै




**राजविराज**/सप्तरीको राजगढ गाउँपालिकामा आगामी चैत २ गतेदेखी सीताराम नाम संकिर्तन तथा बिष्णु महायज्ञ हुने भएको छ ।

महायज्ञको तयारीका लागि गठित मूल आयोजक समितिले राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि सो जानकारी दिएको हो ।

आयोजित पत्रकार सम्मेलनमा समितिका संरक्षक जगतनन्दन दास (पगला बबा) ले विश्व शान्तिका लागि महायज्ञको आयोजना गर्न लागेको जानकारी दिएका छन् । उनले सो गाउँपालिकाको राजगढ गाउँपालिका ४ बेल्ही चपेनामा आगामी चैत २ गतेदेखी ११ गतेसम्म आयोजना हुने बताए ।

महायज्ञमा भारतको हिमाचल प्रदेश प्रान्तका जगतगुरु सरदानन्द समेतको सभागिता हुने बताउँदै संरक्षक दासले उक्त महायज्ञका ५ लाख श्रद्धालु, भक्तजन तथा आममानिसको सहभागिता हुने दाबी समेत गरे ।

"अहिले मुलुकमा विभिन्न खाले विपद् आइरहेको छ, विभिन्न खाले द्वन्द्व, विभेद तथा मतभेद उत्पन्नको अवस्था छ, सोको निराकरणका लागि महायज्ञ आवश्यक छ ।" उनले भने महायज्ञ सप्तरीमा मात्र नभएर आगामी जेठ सम्ममा संघीय राजधानी काठमाडौंमा सम्पन्न गराउन पहल समेत भइरहेको छ ।

पत्रकार सम्मेलनमा मूल आयोजक समितिका अध्यक्ष गजेन्द्र कुमार मण्डलले महायज्ञमा १ सय ९ वटा मण्डपको तयारी अन्तिम चरणमा रहेको तथा सो मण्डपमा २ हजार ४ सय किर्तन मण्डलीको सहभागिता रहने जानकारी दिए ।

महायज्ञका लागि एक करोड भन्दा बढी रकमको आवश्यकता पर्ने हुनाले त्यसका लागि विभिन्न उपसमिति गठन गरि आर्थिक संकलन कार्य भइरहेको जानकारी दिए । यसअघि माघ ७ गते संरक्षक दासको प्रमुख अतिथ्य तथा प्रदेश २ का उद्योग पर्यटन राज्यमन्त्री सुरेश मण्डलले संयुक्त रुपमा महायज्ञको धोजारोहन गरेका थिए ।

## आगो ताप्ने क्रममा जलेर बृद्धाको मृत्यु

**राजविराज**/सप्तरीमा एक बृद्धाको आगो ताप्ने क्रममा जलेर मृत्यु भएको छ ।

जिल्लाको सुरुङ्गा नगरपालिका वडा नं.२ हर्दियाकी ७५ वर्षिया कमली देवि पासवानको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आफ्नो घरमा घुर बाली ताप्ने क्रममा अचानक साडीमा आगो लाग्दा कम्मर भन्दा तल दुबै खुट्टा, घाँटी र ढाड जली घाईते भएकी पासवानको उपचारको क्रममा मृत्यु भएको हो ।

अगोबाट जलेर गम्भिर घाइते भएकी उनलाई उपचारका लागी सिरहाको लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पताल लगिएकोमा सोही अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## बोलेरो र अटोरिक्साको ठक्करबाट दुईको मृत्यु

**राजविराज**/पूर्व पश्चिम राजमार्ग अन्तरगत सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका र कंचनरुप नगरपालिकामा बोलेरो र अटो रिक्साको ठक्करबाट दुई जनाको मृत्यु भएको छ ।

हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह सडक खण्डमा बोलेरोको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको हो ।

को.१ज. ३१९९ नम्बरको बोलेरो गाडीले पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको लु.२५.प ५७१२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक मोरडको रंगेली नगरपालिका ८ बस्ने ३७ वर्षीय भिम राजवंशीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले ठक्कर दिने गाडी र चालक धनकुट्टाको पाखरीवास नगरपालिका ४ बस्ने ३९ वर्षिय तोर्न निरौलालाई नियन्त्रणमा लिएको जानकारी दिएका छन् ।

यस्तै कन्चनरुप नगरपालिका वडा नं. १० स्थित पुर्व पश्चिम राजमार्गमा गत शनिबार अटो रिक्साको ठक्करबाट एक पैदलयात्रीको ज्यान गएको छ ।

उक्त सडक खण्डमा उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको स.१ह. ८३८ नम्बरको अटो रिक्साले पैदलयात्री जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १० निवासी ३६ वर्षिय इसराफिल अलीलाई ठक्कर दिँदा घटनास्थलमैं मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता ईलाका प्रहरी कार्यालय कंचनपुर सप्तरीबाट खटीएको प्रहरी टोलीले अटो रिक्सा र चालक कंचनरुप नगरपालिका १० निबासी २१ वर्षिय ब्रहम देव पासवानलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

## कारको ठक्करबाट एकको मृत्यु

**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिका ६ कठौना चौकमा कारको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पूर्बबाट पश्चिमतर्फ जादै गरेको बा.२ज. ४०४७ न.को कारले स.१०प. २७३३ न.को मोटरसाइकलमा सवार जिल्लाको अग्निसाइर कृष्णसवरन गाउँपालिका वडा नं. १ बस्ने ६५ वर्षिय बहुरी चौधरीलाई बिहीबार ठक्कर दिएको थियो ।

कारको ठक्करबाट गम्भिर घाइते भएका उनको धरानस्थित विपि कोइराला विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा शुक्रबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।

## अवैध रुपमा नेपाल भित्राइएको ५० वटा भेडा नियन्त्रणमा

**राजविराज**/भारतबाट नेपालतर्फ भित्राइएको ५० वटा भेडा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।

भन्सार छलेर चोरी पैठारी गरि नेपाल भित्राइएका ती भेडा सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ गम्हरिया प्रवाहाबाट नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मंगलबार राती भारतबाट भित्राइएको करिब ७ लाख मुल्य बराबरको ५० वटा भेडा सशस्त्र प्रहरी बलको टोलीले नियन्त्रणमा लिएको हो ।

गोप्य सूचनाको आधारमा सशस्त्र प्रहरी वेश क्याम्प गम्हरियाको टोलीले नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल नं. ६ हेड क्वाटर राजविराजका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिएका छन् ।

अपरिचित व्यक्तिहरुले अवैध रुपमा भित्राइरहेका भेडा प्रहरी टोली आएको देखेर फरार भएको प्रहरी उपरिक्षक श्रेष्ठले बताए ।

## आगलागिमा घर नष्ट

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिकामा आगलागि हुँदा दुई लाख बराबरको क्षति भएको छ ।

विद्युतको तार सर्ट भई सो नगरपालिका २ बस्ने मो. रहमुलको ईट्टाको पर्खाल र एलबेष्टरले छाएको २ कोठे घरमा विद्युत मिटरको तार सर्ट भई आगलागी हुँदा उक्त मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट घरसहित घरमा जडान गरिएको विद्युत मिटर बक्स, ग्याँस सिलिण्डर, ग्याँस चुलो, राईसकुकर, भबलेट, चामललगायत जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## ४१ किलो गाँजा बरामद

**राजविराज**/सशस्त्र प्रहरीले ४१ किलो प्रतिबन्धित लागुऔषध गाजा बरामद गरेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ सकरदही टोलस्थित बासको झ्याडमा परालले छोपिराखिएको अवस्थामा उक्त मात्रामा गाजा बरामद गरिएको हो ।

गोप्य सूचनाको आधारमा पुगेको सशस्त्र प्रहरीको टोलीले गाजा बरामद गरेको सशस्त्र प्रहरी बल नं. ६ हेड क्वाटर राजविराजका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिएका छन् ।

यता गाजा बरामदपछि सशस्त्र प्रहरीले सम्बन्धीत व्यक्तिहरुको खोजी गरिरहेको जनाएको छ ।

## सढेगलेको अवस्थामा महिलाको कंकाल फेला

**राजविराज**/सप्तरीको राजगढ गाउँपालिकामा पोखरी जिर्णोधार गर्ने क्रममा एक महिलाको सढेगलेको अवस्थामा कंकाल फेला परेको छ ।

डेढ वर्षअघि हराएकी राजगढ गाउँपालिका १ झुटकीकी ७५ वर्षिया राशोदेवी पण्डितको कंकाल फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

घरदेखी तीन सय मिटर टाढा रहेको सार्वजनिक ठाडी पोखरी जिर्णोद्वारमा खटिएका मजदुरहरुले उनको शव सडेगलेको अवस्थामा फेला पारेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले कंकालमा भेटिएको लुगा र दातको आधारमा उनको आफन्तले सनाखत गरेपछि हराएकी महिला पण्डितको नै शव भएको पुष्टि भएको बताए ।

प्रहरीका अनुसार मानसिक सन्तुलन गुमाएकी पण्डित २०७६ साल साउन ३० गते देखी नै बेपत्ता भएकी थिइन् ।

# रुघा-खोकी र दमको रामबाण उपचार हो अमला

चिसो मौसममा रुघा, खोकी र दमले धेरैलाई तनावमा पारेको हुन्छ। यसैकारण गुजरातको सूरतमा काम गर्ने डा. दिक्षा भावसार रुघा, खोकी र दम भगाउनका लागि अमलालाई रामबाण उपचार मान्छिन्। डा. दीक्षा एक आयुर्वेदिक डाक्टर हुन्। उनका अनुसार चिसो मौसममा रुघा, खोकी र दमको समस्या हुनेहरुले अमलालाई कुनै पनि रुपमा खान सक्छन्।

डा. दीक्षाका अनुसार रुघा, खोकी र दमको समस्या चिसो समस्यामा अत्यधिक हुन्छ। यसबाट पार पाउनका लागि अमलाको पाउडर बनाउनुहोस्। यो पाउडरमा आधा चम्चा मह मिसाएर बिहान बेलुका खानुहोस्। त्यसपछि मनतातो पानी पिउनुहोस्। महले चिसो मौसममा शरीरलाई तातो राख्छ। तर ध्यान दिनुपर्ने कुरा के हो भने अमला खाली पेटमा खानुहोस्। खाली पेटमा अमला खाँदा छिटो फाइदा पुर्याउँछ।

**अमला जुसः**

जसलाई चिसो मौसममा रुघा, खोकी र दमको समस्या हुन्छ, उनीहरुले अमलाको पाउडरबाहेक जुस पनि पिउन सक्छन्। डा. दीक्षाका अनुसार अमलाको जुस निकालेर तातो पानीसँग बिहान खाली पेटमा खानुहोस्। यसका लागि तपाईं २० देखि २५ मिलिलिटर अमलाको जुस र तातो पानी खानुहोस्। यसमा थोरै बेसार हाल्नुहोस्।



अमलाले कफलाई पगालेर बाहिर निकाल्ने काम गर्छ।

**च्यवनप्रासः**

च्यवनप्रासमा मुख्य तत्व अमला हुन्छ। त्यसैले तपाईंले एक चम्चा च्यवनप्रासलाई तातो पानीसँगै खानुहोस्। बिहान खाली पेटमा वा खाना खाएको दुई घण्टापछि यो खानुहोस्। यसले रुघा, खोकी र दममा निकै फाइदा पुर्याउँछ।

**अमला क्यान्डीः**

अमला निकै स्वादिलो हुन्छ त्यसैले धेरै मानिसहरु यो खान रुचाउँछन्। त्यसैले यसको तपाईं क्यान्डी बनाएर खानुहोस्। यसका लागि तपाईं अमलालाई काटेर घाममा सुकाउनुहोस् र एउटा डिब्बामा राख्नुहोस्। त्यसपछि यसलाई दिनदिनै खानुहोस्। यसले तपाईंको खोकी, कोल्ड र दममा मद्दत गर्नेछ।

**अमला कसका लागि फाइदाजनक ?**

डा. दीक्षाका अनुसार अमलाले ४० वर्षभन्दा मुनिका लाई बढी फाइदा पुर्याउँछ। यद्यपि, जसलाई जोर्नी दुखाईको समस्या छ उनीहरुले अमला खानु हुँदैन। तर यदि कसैलाई एसिडिटीको समस्या छ भने बिहान बेलुका अमला खान सकिन्छ।

अमलाको स्वाद अमिलो हुन्छ, अमिलोको अर्थ तातो हुन्छ। अमलामा केही नमिसाइकनै यसलाई प्रयोग गर्न सकिन्छ। अमलामा एन्टिअक्सिडेन्ट हुन्छ। यसले रुखोपनालाई पनि नष्ट गर्छ। अमलामा पञ्चरस हुन्छ। अमलामा भिटामिन सी पनि हुन्छ जसले कोभिडमा पनि मद्दत गर्छ। एजेन्सी

# जसपाद्वारा बिरोध प्रदर्शन



**राजविराज**/प्रतिनिधिसभा विघटनविरुद्ध जनता समाजवादी पार्टी नेपाल सप्तरीले शुक्रबार राजविराजमा प्रदर्शन गरेको छ।

स्थानिय शिव मन्दिरको प्राङ्गणबाट निस्केको बिरोध प्रदर्शन नगर परिक्रमा पश्चात् स्थानिय नेता चौकमा बिरोध सभामा परिणत भएको थियो।

आयोजित सभामा वक्ताहरुले प्रधानमन्त्रीको असंबैधानिक कदम अलोकतान्त्रिक भएको भन्दै सो कदम नसच्याए आन्दोलनबाटै संसद पुर्नवहाली गर्ने चेतावनी दिएका छन्। बिरोधसभामा राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, पार्टीका केन्द्रिय सदस्य रेणु यादव, विद्यार्थी नेता किशोर कुमार यादव लगायतले मन्तव्य राखेका थिए।

प्रधानमन्त्री केपी शर्मा ओलीले गत पुस ५ गते प्रतिनिधिसभा विघटन गरेपछि उक्त कदम असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगामी भन्दै जसपाले चरणबद्ध रुपमा आन्दोलन गर्दै आएको छ।

# प्रहरी दमनको बिरोधमा प्रमको पुतला दहन

**राजविराज**/आम हड्तालका क्रममा प्रहरीले गरेको दमनको बिरोधमा नेकपा प्रचण्ड नेपाल पक्षधरले शुक्रबार राजविराजमा प्रधानमन्त्री केपी शर्मा ओलीको पुतला जलाएका छन्।

आम हड्तालका क्रममा बिहीबार जनकपुरमा सो पक्षधरका नेता रामचन्द्र झा र मातृका यादवमाथी प्रहरीले गरेको दमनको बिरोधमा पुतला लाएका हुन्।



स्थानिय शिव मन्दिरको प्राङ्गणबाट निस्केको नेकपा प्रचण्ड नेपाल पक्षधरका नेता कार्यकर्ता सम्मिलत बिरोध जुलुस स्थानिय नेता चौकमा पुगेर कोण सभामा परिणत भएको थियो।

सोही सभामा प्रधानमन्त्रीको पुतला जलाएपछि आयोजित बिरोध सभामा पार्टीका प्रदेशसभा सदस्य महेश प्रसाद यादव, मजदुर नेता केदार देव, युवा संघका केन्द्रिय सदस्य निरञ्चन झा लगायतले प्रधानमन्त्रीको असंबैधानिक कदम तथा आम हड्तालका क्रममा प्रहरीले गरेको हस्तक्षेपको बिरोध गरेका थिए।

# विघटन बिरुद्ध काँग्रेसको प्रदर्शन



**राजविराज**/नेपाली काँग्रेस सप्तरीले प्रधानमन्त्री केपी शर्मा ओलीले असंबैधानिक कदम बिरुद्ध सोमबार राजविराजमा बिरोध प्रदर्शन गरेको छ।

स्थानिय राजरंगशालाबाट निस्केको बिरोध जुलुसमा सहभागिा नेता कार्यकर्ताले संसद विघटन बिरुद्ध चर्का नाराबाजी गरेका थिए।

प्रदर्शनपछि नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश यादबको अध्यक्षतामा स्थानिय नेता चौकमा आयोजित सभामा प्रदेश सभा सदस्य गिता यादब, कंचनरूप नगरपालिका उपप्रमुख निरू पोखरेल, पुर्वसासंद तथा नेपाली काँग्रेस महासमिति सदस्य सकलदेव सुतिहार, नेपाली काँग्रेस सप्तरी सचिव रामकुमार यादब, काँग्रेस सप्तरी उपाध्यक्ष प्रभु नारायण चौधरी, यूवा नेता अर्जुन साह, सबिर आजम लगायतले सम्बोधन गर्दै आन्दोलनबाटै गलत कदम सच्याउन प्रधानमन्त्रीलाई बाध्य पार्ने चेतावनी दिए।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# महामारीमा स्वास्थ्य सेवा व्यवस्थापन



पंकज आचार्य

कोरोना महामारीका कारण यतिबेला विश्व नै विकराल संकटबाट गुज्रिरहेको छ । यो महामारी कतिसम्म फैलिन्छ र कहिले अन्त्य हुन्छ भन्ने कसैले पनि भन्न सक्ने अवस्था छैन ।

इतिहासले के देखाउँछ भने यस्ता महामारीको अन्त्य हुन्छ तर त्यसका लागि समय लाग्छ । विश्वमा महामारीले करोडौं मानिसको ज्यान लिएको इतिहास छ ।

सन् १९६७ मा बिफरको महामारीले एक करोड ५० लाख मानिस संक्रमित भए र त्यसले २० लाखको ज्यान लियो । पछि खोप विकास गरेर यो रोगमाथि विजय प्राप्त गरियो ।

चौधौं शताब्दीमा पूर्वी एसिया तथा पश्चिमी युरोपमा 'ब्ल्याक डेथ' ले एक दशकभन्दा बढी समय मानिसलाई असर पारेको थियो । यो रोगले झन्डै २० करोड मानिसको ज्यान लिएको थियो । सन् १९१८ मा फैलिएको स्पेनिस-फ्लुबाट विश्वको ५० करोड जनसंख्या संक्रमित भए ।

स्पेनिस फ्लुका कारण एक वर्षमै १० करोडको ज्यान गएको थियो। यो रोगले बढी युवाको ज्यान लिएको थियो । रोगको संक्रमण उच्च बिन्दुमा पुगेपछि यो आफैं रोकिएको थियो ।

यस्ता महामारीको फैलावट र बेग कतिसम्म हुन्छ, त्यो समयले निर्धारण गर्छ । यस्ता महामारीमाथि विजय प्राप्त गर्न पनि केही समय अवश्य लाग्छ ।

विश्व स्वस्थ्य संगठनका अनुसार अस्पताल एक सामाजिक तथा चिकित्सकीय संस्था हो, जसले सम्पूर्ण स्वास्थ्य सुविधा दिन्छ । अस्पतालको विकास परापूर्वकालदेखि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भएको पाइन्छ ।

केही ऐतिहासिक प्रतिलिपि अनुसार नेपालमा औपचारिक स्वस्थ्य सस्था वा अस्पतालको विकास लिच्छवीकालदेखि नै सुरु भएको पाइन्छ । आधुनिक अस्पतालको विकास विसं १९४५ मा वीर अस्पतालको स्थापनापछि भएको थियो ।

वर्तमान अवस्थामा करिब ८० वटा सरकारी अस्पताल, ४०० भन्दा धेरै निजी अस्पताल, २० भन्दा धेरै शिक्षण अस्पताल परिचालन भएको तथ्यांकहरुले देखाउँछन् । सरकारी तथा निजी अस्पतालमा दक्ष जनशक्तिलाई स्थान दिने हो भने स्रोत-साधनको अधिकतम प्रयोग भई बिरामीहरुले सर्वसुलभ र गुणस्तरीय सेवा पाउने कुरामा कुनै द्विविधा छैन ।

यस्तो महामारीको अवस्थामा स्वस्थ्य सेवातर्फ वा फ्रान्टलाइनमा कार्यरत सबै कर्मचारीहरुको आफ्नै महत्व र भूमिका रहन्छ । विशेषगरी महामारीको समय वा महामारीपछिको समयमा अवस्थामा स्थिरता ल्याउनका लागि स्वस्थ्य सेवा व्यवस्थापकको मुख्य भूमिका रहन्छ ।

स्वास्थ्य सेवा व्यवस्थापकले स्रोत-साधनको अधिकतम प्रयोग र समग्र स्वस्थ्य क्षेत्रको नेतृत्व गर्छ । विशेषगरी गुणस्तरीय र भरपर्दो सेवा प्रवाह गरी अधिकतम उपलब्धि हासिल गर्न र सेवा प्रवाह दिगो पार्न व्यवस्थापकको ठूलो भूमिका रहन्छ ।

कुनै पनि संस्था वा निकायको सञ्चालन र विकासमा व्यवस्थापन वा प्रशासनको ज्यादै महत्वपूर्ण भूमिका हुन्छ । अझ अस्पताल जस्तो अत्याधुनिक प्रविधि र दक्ष जनशक्तिको खाँचो पर्ने संस्थामा व्यवस्थापनको अत्यन्तै ठूलो भूमिका हुन्छ ।

कुचिकारदेखि विशेषज्ञसम्म, बिरामीदेखि अभिभावक र कुरुवासम्म, सानो सिरिञ्जदेखि अत्याधुनिक सुविधायुक्त उपकरणसम्मको कुशल परिचालनमा व्यवस्थापनले सानो त्रुटि मात्र गरेमा मानिसको ज्यान समेत जान सक्छ र त्यसको परिणाम गम्भीर हुन्छ ।

वर्षको ३ सय ६५ नै दिन र चौबीसै घण्टा सेवा सञ्चालन गरी बिरामीलाई नयाँ जीवन दिन तत्पर हुनुपर्ने संस्थामा विभिन्न व्यक्ति र शाखा उपशाखाहरुबीच समन्वय र नीति तथा योजनाको कार्यान्वयन पक्ष फितलो भएमा लक्ष्य प्राप्ति हुन सक्दैन र आम जनताबीच संस्थाको छवि बिग्रँदै गई विश्वासनीयतामा समेत प्रश्नचिह्न उठ्छ ।

समन्य वा महामारीको अवस्थामा दुर्गम जिल्लाका अस्पतालहरुमा डाक्टर छैनन्, फलानो अस्पतालमा आधारभूत औषधिको कमी छ, फलानो अस्पताल फोहोर र दुर्गन्धित छ, यो अस्पतालमा कर्मचारीको कमी भयो, फलानो अस्पतालमा भर्ना गर्ने बेड नै छैन र स्वास्थ्यकर्मीमाथि अभद्र व्यवहार भयो जस्ता अस्पतालसँग समन्धित समस्याहरु दिनहुँ देखा पर्छन् ।

सडकदेखि संसदसम्म, सर्वसाधारण नागरिकदेखि सभासदसम्मका सबै मानिसको मुखबाट अस्पतालहरुको बिग्रँदो स्थितिको वस्तुस्थिति सम्बन्धित निकायमा जगजाहेर नभएको पनि होइन । तर समस्या दिन प्रतिदिन घट्नुको सट्टा बढ्दै गइरहेको छ ।

नेपालको संविधानको भाग तीन 'मौलिक हक र कर्तव्य' को धारा ३५ को उपधारा (१) मा 'स्वास्थ्य सम्बन्धी हक' नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन,' भन्ने उल्लेख गरिएको छ । साथै यही धाराको उपधारा (३) मा 'प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ,' भन्ने उल्लेख गरिएको छ ।

नेपालको संविधानको यही मान्यता अनुसार सरकारको काम भनेको सहज, सरल र सुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउनु हो । डाक्टर र नर्सले सेवा दिँदैमा स्वस्थ्य सेवामा सहज, सरल र सुलभ हुँदैन ।

कुनै पनि अस्पताल वा स्वास्थ्य संस्थाको स्वस्थ्य सेवा सरल, सुलभ र सहज बनाउन डाक्टर, नर्स साथै उक्त संस्थाको व्यवस्थापन निकाय, प्राविधिक निकाय सामान्यभन्दा पनि सामान्य निकायको महत्वपूर्ण भूमिका रहन्छ । संस्थाभित्र विभिन्न निकायको आआफ्नो कार्य हुन्छ ।

हरेक निकायले आफ्नो काम आफैं कुशलता एवं दक्षतापूर्वक गरेमा नेपालको स्वास्थ्य सेवामा अवश्य पनि परिवर्तन सम्भव छ । एउटा बिरामी आफ्नो घर परिवार, साथी(भाइ, इष्टमित्र, कार्यालय समग्रमा आफूले व्यतित गर्ने सम्पूर्ण जीवनशैली र वातावरण परित्याग गरी अस्पतालमा स्वास्थ्य सुधारका लागि आउँछ ।

बिरामी र बिरामीको परिवारको सोचाइ, इच्छा र आकांक्षा नै चाँडोभन्दा चाँडो बिरामीको स्वास्थ्यमा सुधार हुनका लागि राम्रो हेरचाह, उपयुक्त वातावरण र सही परामर्श पाउनु हो । यस प्रकारको सोचाइलाई साकार पार्नका लागि प्रशासनिक कर्मचारी, मेडिकल तथा पारामेडिकल कर्मचारीहरुको एउटै लक्ष्य तथा उद्देश्य बिरामीलाई स्तरीय एवं उपयुक्त सेवा प्रदान गर्ने हुनुपर्छ ।

अस्पतालले मानिसको पीडा, बेदना, खुसी, जीवन र मृत्युसँग प्रत्यक्ष वा परोक्ष सम्बन्ध राख्छ । मानिस जन्मेदेखि मृत्युपर्यन्त हरेक रोगसँग लड्नका लागि अस्पतालको सहारा चाहिन्छ ।

आधुनिक विज्ञान र प्रविधिको एक उत्कृष्ट नमुना हो- अस्पताल र चिकित्सा पद्धति । यस प्रकारको विज्ञान र प्रविधियुक्त थलो सञ्चालनमा खट्ने प्रशासनिक कर्मचारीहरुमा समेत सिप, ज्ञान, दक्षता, सुझबुझ र योग्यताको समिश्रण हुनु अपरिहार्य छ ।

टिकट काउण्टरदेखि परीक्षण गर्ने व्यक्तिहरुले बिरामीको मन जित्ने खालको व्यवहार प्रदर्शन गर्न सकेमा बिरामीको मनोविज्ञानमा सकारात्मक छाप पर्छ । कतिपय रोग निको पार्न मनोविज्ञानको गहन भूमिका हुन्छ ।

प्रायः अस्पतालमा कार्यरत प्रशासनिक कर्मचारीहरुले केवल विद्यालय, क्याम्पसको औपचारिक शिक्षा बाहेक अन्य कुनै पनि तालिम वा विशेष सिप, ज्ञान हासिल गर्ने मौका पाएका हुँदैनन् । फलस्वरुप न त उनीहरुलाई बिरामीसँग गर्ने व्यवहारको बारेमा जानकारी हुन्छ, न त अस्पतालको कुशल व्यवस्थापनको बारेमा थप कुनै ज्ञान नै हुन्छ ।

अस्पतालको सर(सफाइ, खाना व्यवस्था, सुरक्षा, सवारी, खरिद, मर्मत(सम्भार, जनसम्पर्क, आर्थिक प्रशासन, राजस्व, आम्दानी, खर्च आदि जस्ता महत्वपूर्ण कार्यमा प्रशासनिक कर्मचारीको संलग्नता हुने र प्रशासनिक कर्मचारीहरुलाई सेवा अवधिभर सिप, दक्षता, कार्य कुशलता, अभिवृद्धि गर्ने तालिम, अध्ययन आदिको अवसरबाट वञ्चित गर्नु वा नगण्य मात्रामा प्रदान गर्नुले अस्पताल व्यवस्थापनमा थप चुनौतीहरु देखा परेका छन् ।

स्वास्थ्य सेवा संस्थान स्थापनाका लागि निर्देशिका २०७० अनुसार प्रत्येक २५ शय्यादेखि माथिका प्रत्येक अस्पतालमा एक वा आवश्यक परेमा त्योभन्दा धेरै अस्पताल व्यवस्थापक राख्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रत्येक अस्पतालमा कुसल तथा दक्ष अस्पताल व्यवस्थापकको उपस्थिति भएमा सरल वा जटिल प्रकारको स्वस्थ्य सुविधा सरल, सुलभ र सहज तरिकाले प्रदान गर्न सकिन्छ भने नेपालको वर्तमान अभ्यासले देखाउँछ । स्वास्थ्य खबरबाट

## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरु नियुक्त

**जनकपुरधाम**/मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरु नियुक्त भएका छन् ।

मुख्यमन्त्री कुलपति रहने प्रतिष्ठानका लागि उपकुलपतिमा डा. राम केवल साह, रजिष्टारमा डा. विनोद यादव र रेक्टरमा डा. अंकुर साहलाई नियुक्त गरिएको हो ।

प्रदेश २ सरकारले स्थापना गरेको सो प्रतिष्ठानका पदाधिकारीहरुलाई एक कार्यक्रमबीच नियुक्ती पत्र हस्तान्तरण गरिएको छ ।

आयोजित कार्यक्रममा मुख्यमन्त्री लालबाबु राउतले प्रदेशकै गौरबको योजनाको रुपमा रहेको प्रतिष्ठानको पदाधिकारी नियुक्ती सरकारका लागि गौरबका दिनको रुपमा रहेको जानकारी दिएका छन् ।

कार्यक्रममा समाजिक विकास मन्त्री नवलकिशोर साह, भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रि शैलेन्द्र प्रसाद साह, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा समेतको उपस्थिति रहेको थियो ।

प्रादेशिक अस्पताल जनकपुरलाई आधार मानेर प्रदेश सरकारले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरेको छ ।

## घुस रकमसहित प्रमुख र लेखापढी व्यवसायी पक्राउ

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिकास्थित मालपोत कार्यालयका निमित्त कार्यालय प्रमुख र लेखापढी व्यवसायीलाई सेवाग्राहीसँग घुस लिदै गर्दा अख्तियारको टोलीले शुक्रबार पक्राउ गरेको छ ।

सो कार्यालयका निमित्त प्रमुख एवं सर्वेक्षक हरिचन्द्र ठाकुर र लेखापढी व्यवसायी अरुण कुमार यादवलाई १५ हजार रकमसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ईटहरीबाट खटिएको टोलीले पक्राउ गरेको हो ।

हनुमाननगर कंकालीनि नगरपालिका ३ निवासी सेवाग्रही शम्भु खिरहरी यादवसँग जग्गाको नक्सा बनाइदिने नाममा प्रमुख ठाकुर र लेखापढी व्यवसायी यादवले सो रकम लिएको अभियोगमा पक्राउ गरिएको आयोगले जनाएको छ ।

## तीन संचार निकायमा नियुक्ती

**राजविराज**/प्रदेश २ सरकारले आमसंचार प्राधिकरण, मिडिया काउन्सिल र लोकसंचार प्रवर्द्धन बोर्डको अध्यक्षहरु नियुक्त गरेको छ ।

प्रदेश सरकारको शुक्रबार बसेको मन्त्री परिषद्को बैठकले सो निर्णय गरेको हो । प्रदेश सरकारले मिडिया काउन्सिलको अध्यक्षमा शिवहरि भट्टराई, संचार प्राधिकरणको अध्यक्षमा श्यामसुन्दर यादव र चलचित्र विकास बोर्डको अध्यक्षमा धर्मेन्द्र मोरबैतालाई नियुक्त गरेको हो ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# दोश्रो पटक कोइलाडीले हात पाऱ्यो उपाधी



**राजविराज**/गजेन्द्र नारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगिताको उपाधी यप पटक पनि वडा नं. ४ कोइलाडीले हात पारेको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा संचालित प्रतियोगिताको तेस्रो संस्करणको बुधबार सम्पन्न फाइनल खेलमा कोइलाडीले वडा नं. ३ सकरपुरालाई २१ रनले पराजित गर्दै लगातार दोस्रो पटक सो उपाधी हात पारेको हो ।

सम्पन्न खेलमा टस जितेर पहिलो ब्याटिङ गरेको कोइलाडीले निर्धारित २० ओभरको खेलमा ५ विकेट गुमाई १ सय २५ रन बनाएको थियो । जसमा कप्तान मो. गुड्डुले २९, परमेश्वर मण्डलले २८, रोबिन सिंहले १५, रोहित सिंहले १४ तथा रोशन मण्डलले अविजित ११ रनको योगदान गरेका थिए । सकरपुराको लाागि साकेत सिंहले ४ ओभरमा १९ रन दिई ३ विकेट लिए भने प्रदिप मण्डल र सुरज मण्डलले १/१ विकेट लिएका थिए ।

१ सय २६ रनको लक्ष्य पाएको सकरपुरा २० ओभरमा ५ विकेट गुमाई १ सय ४ रनमै सिमित भएको थियो । सकरपुराका लागि साकेत सिंहले अविजित ३५ रन बनाए भने, अमित मण्डलले २८ र सुरज मण्डलले २३ रनको योगदान दिएका थिए । कोइलाडीका लागि रोशन मण्डलले २ तथा जुगनु मण्डल र रोहित सिंहले १/१ विकेट लिएका थिए । उक्त खेलमा कोइलाडीका रोशन मण्डललाई म्यान अफ द म्याच प्रदान गरियो ।

उक्त प्रतियोगितामा वडा नं. ५ को. बर्साइनका दिपेश सरदार म्यान अफ द सिरिज, सकरपुराका अमित मण्डल वेस्ट ब्याटसम्यान, कोइलाडीका जुगनु मण्डल वेस्ट बलर तथा को. बर्साइनका राजेश रजकलाई इमर्जिङ प्लेयरको ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको गाउँपालिकाका कार्यक्रम अधिकृत तथा प्रतियोगिता संयोजक राजेशकुमार झाले जानकारी दिए ।

माघ १० गतेदेखी सुरु भएको प्रतियोगिता समापनको अवसरमा गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंह, उपाध्यक्ष सुचिता कुमारी यादव, वडा अध्यक्षहरु मनोज चौधरी, गोपी मण्डल, राजेन्द्र साह र गुलाब सिंह, कार्यपालिका सदस्यद्वय दामोदर मुखिया र रिता साह, सप्तरी क्रिकेट संघका उपाध्यक्ष धर्मेन्द्र चौधरी, पूर्व खेलाडी राजकुमार दाससहितकाले विजेता, उप विजेता लगायतको ट्रफी तथा प्रमाणपत्र प्रदान गरेका थिए ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं. ९८५२८२०९३५


# अन्तर्राष्ट्रिय समाचार

## आङ साङ सुकी नजरबन्द

**याङ्गुन**/म्यानमारको 'नेशनल लिग फर डेमोक्रेसी (एनएलडी)' को अध्यक्ष आङ सान सुकीलाई उहाँकै घरमा नजरबन्दमा राखिएको एनएलडीले पुष्टि गरेको छ ।

गत सोमबार म्यानमारमा सेनाले 'कू' गरी राज्यसत्ता कब्जा गरेपछि अहिंसावादी राजनीतिका लागि गरेको त्यागका लागि ९० को दशकमा नोबेल पुरस्कारबाट सम्मानित नेतृ सुकीको अवस्थाबारे जानकारी दिँदै उक्त जानकारी गराइएको हो । उहाँका सञ्चार अधिकृत क्यी टोयले आफ्नो आधिकारिक फेसबुक पेजमा लेख्नुभएको छ, "नेतृ सुकीलाई उहाँकै घरमा नजरबन्दमा राखिएको छ र उहाँको स्वास्थ्य राम्रो रहेको छ ।"

मैले जानकारी पाएसम्म नेतृ सुकीलाई उहाँकै निवासमा नजरबन्दमा राखिएको छ, टोयले एएफपीसँग भन्नुभयो । एजेन्सी

## रूसी खोप 'मानिस जातिको लागि शुभ समाचार' : ईयू नेता बोरेल

**मस्को**/युरोपियन युनियनका विदेश नीति प्रमुख जोसेप बोरेलले शुक्रबार रूसको स्पुतनिक-भी नामक कोरोनाभाइरसविरुद्धको खोप महामारीबीचमा 'मानव जातिका लागि शुभ समाचार' भएको बताउनुभएको छ । उहाँले रूसले विकास गरेको उक्त खोपको सफलताको प्रशंसा गर्दै यसलाई यूरोपेली समूह राष्ट्रहरूमा प्रयोगका लागि अनुमति मिल्नसक्ने सङ्केत गर्नुभएको छ ।

सन् २०१७ पछि पहिलो पटक रूस भ्रमणमा रहेका इयूका वरिष्ठ कुटनीतिज्ञ बोरेलले मस्कोमा रूसी विदेश मन्त्री सर्गेई लाभरोभसँग वार्तापछि उक्त धारणा राख्नुभएको हो । बोरेलले मस्कोमा वार्तापछि सञ्चारकर्मीसँग भन्नुभयो, "यो सम्पूर्ण मानवजातिका लागि खुशीको खबर हो । हामीसँग महामारीको बिरूद्ध लड्न अझ बढी साधनहरू छन् भन्ने पुष्टि भएको छ ।"

उहाँले स्पुत्नीक-भीलाई 'यूरोपियन मेडिसिन एजेन्सी' ले ईयु सदस्य देशहरूमा प्रयोग गर्नको लागि अनुमति दिने विश्वास व्यक्त गर्नुभयो । बोरेलले भन्नुभयो, "ईयूले खोपको अभावको सामना गरिरहेको अवस्थामा रूसमा विकसित स्पुत्नीक-भी महामारीविरूद्धको लडाईंमा अर्को स्वागत योग्य स्रोत हुनेछ ।"

प्रतिक्रियामा लाभरोभले भन्नुभयो, "रूस वासिङ्टन र मस्कोले खोपमा 'सहकार्य गर्ने ठाउँ छ कि छैन' भनेर हेरिरहेका थिए यसै वखत यूरोपका धेरै देशहरु आफ्नो क्षेत्रमा खोप उत्पादन गर्न इच्छुक देखिएका छन् । यो रूसका लागि खुशीको बिषय हो ।"

घरेलु हिसाबले उत्पादित स्पुतनिक भीलाई गत अगस्टदेखि रूसमा प्रयोगको लागि अनुमोदित गरिएको थियो । व्यापक क्लिनिकल परीक्षणहरू पहिल्यै खोपलाई द्रुत गतिको परीक्षणपछि प्रयोगमा ल्याइएको भन्दै प्रक्रियाबारे अमेरिका, यूरोपलगायतका विश्व समुदायबाट चिन्ता व्यक्त गरिएको थियो । व्यापक आलोचनाको बाबजुद खोपका विकासकर्ताहरूले भने खोप ९० प्रतिशतभन्दा बढी प्रभावकारी रहेको दावी गर्दै रूसले आफ्ना नागरिकहरूलाई खोप लगाउन थालेको थियो । एजेन्सी

## जापानी प्रधानमन्त्रीद्वारा 'कन्ट्र्याक ट्रेसिंग एप' देखिएको त्रुटिका लागि क्षमा याचना

**टोकियो**/स्वास्थ्य, श्रम र कल्याण मन्त्रालयले गत जुनमा शुरू गरेको कोभिड सङ्क्रमण पत्ता लगाउने माध्यम (कन्ट्र्याक ट्रेसिंग एप) 'कोकोआ' मा रहेको प्राविधिक त्रुटी पत्ता लगाउन नसकेको भन्दै शुक्रबार सरकारको तर्फबाट क्षमा याचना गर्नुभएको छ ।

स्वास्थ्य मन्त्रालयले 'ब्लुटुथ' नामक 'वायरलेस' प्रविधिको सहयोगमा उक्त एपका माध्यमबाट १५ मिनेटसम्म एक मिटरको दूरीमा रहेका व्यक्तिमा कोभिड-१९ सङ्क्रमण भएको वा नभएको सङ्केत सङ्कलन गर्ने बताइएको थियो । उक्त प्रविधिले एप प्रयोगकर्ताहरूले यदि उनीहरूसँग कुनै कोभिड सङ्क्रमित अर्को व्यक्ति सम्पर्कमा आएमा एपले कोरोनाभाइरस सङ्क्रमण नतिजा पुष्टि गर्ने बताइएको थियो ।

यद्यपि एपले गत सेप्टेम्बरदेखि संक्रमित व्यक्तिहरूको नजीकमा रहेका एन्ड्रोइड स्मार्टफोन प्रयोगकर्ताहरूलाई सूचित गर्न असफल भएको पुष्टि भएको छ । "मलाई साह्रै दुःख लागेको छ । यस विषयमा राम्ररी हेर्नु मेरो जिम्मेवारी हो ताकि यस्तो फेरि कहिल्यै हुँदैन", सुगाले जापानको संसदीय एक समितिमा भन्नुभयो । यद्यपि प्रधानमन्त्री सुगाले स्वास्थ्यमन्त्री नोरहिसा तामुरालाई अनुशासित हुनुपर्ने विपक्षी दलको आह्वानलाई खण्डन गर्नुभएको छ ।

एपमा देखिएको प्राविधिक त्रुटीले डिजिटल टेक्नोलोजीलाई देशको विकास रणनीतिको फोकस बनाउने वाचा गरेका प्रधानमन्त्री सुगा र उहाँको नेतृत्वको सरकारलाई एक प्रकारको चोट पुऱ्याएको हो । महामारीलाई नियन्त्रण गर्ने सरकारी उपायहरूप्रति सार्वजनिक असन्तुष्टिको बीचमा यस असफलताले उहाँको ख्याति अनुमोदन मूल्याङ्कन सूचकाङ्क थप झरेको छ । एजेन्सी

# कांग्रेसको शुभेच्छुक संस्थाहरुद्वारा प्रदर्शन




**राजविराज**/प्रतिनिधीसभा बिघटनबिरुद्व नेपाली कांग्रेसको शुभेच्छुक संस्थाहरुद्वारा शनिबार राजविराजमा प्रदर्शन गरिएको छ ।

स्थानीय शिब मन्दिर प्राङ्गणबाट निकालिएको बिरोध जुलुस नगरको बिभिन्न भाग परिक्रमा गर्दै पुनः शिब मन्दिर प्राङ्गणमा पुगेर कोणसभामा परिणत भएको थियो ।

नेपाल ट्रेड यूनियन कांग्रेसका जिल्ला अध्यक्ष मनोज मण्डलको अध्यक्षतामा आयोजित कोणसभाका प्रमुख अतिथी नेपाली कांग्रेसका जिल्ला सभापति दिनेश प्रसाद यादवले प्रधानमन्त्री केपी शर्मा ओलीले संघीय लोकतान्त्रिक गणतन्त्रलाई तुहाउने किसिमले प्रतिनिधीसभा बिघटन गरेको आरोप लगाए ।

कार्यक्रममा कांग्रेसका जिल्ला उपसभापति भुवन आचार्य, प्रभुनारायण चौधरी, सभासद सकलदेव सुतिहार, सचिव रामकुमार यादव, नेपाल शिक्षक संघका केन्द्रीय पदाधिकारी पर्शुराम यादव, नेपाल शिक्षक महांघका जिल्ला अध्यक्ष दिनेश यादवसहितकाले मन्तव्य व्यक्त गरेका थिए ।

बिरोध प्रदर्शनमा पार्टीका शुभेच्छुक संस्थाहरु नेपाल ट्रेड यूनियन कांग्रेस, नेपाल शिक्षक संघ नेपाल निजामति कर्मचारी यूनियन, नेपाल सांस्कृतिक संघ, प्रशासन, व्यवस्थापन र विकास केन्द्र, नेपाल लोकतान्त्रिक शेर्पा संघ, लोकतान्त्रिक गैर सरकारी संस्था महासंघ, प्रजातन्त्रवादी प्राध्यापक संघ नेपाल, नेपाल डेमोक्रेटिक लयर्स एशोसिएशन, सेन्टर फर डेमोक्रेटिक इन्जिनियर नेपाल, प्रजातान्त्रिक चिकित्सक संघ, नेपाल प्रेस यूनियन, त्रिभुवन विश्वविद्यालय प्रजातान्त्रिक कर्मचारी संघ, प्रजातान्त्रिक वन कर्मचारी संघ नेपाल, नेपाल उमात संघ, लोकतान्त्रिक नेवाः खस, डमोक्रेटिक एग्रीकल्यारिस्ट एशोसिएशन नेपालका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# बुद्धिजिवी एवं पेशाकर्मीहरुको आन्दोलन संयोजन समिति गठन



**राजविराज**/प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा चालिएको असंबैधानिक संसद विघटन बिरुद्ध नेकपा सप्तरी प्रचण्ड नेपाल पक्षधरले बुद्धिजिवी एवं पेशाकर्मीहरुको आन्दोलन संयोजन समिति गठन गरेको छ ।

राजविराजस्थित जिल्ला पार्टी कार्यालय मदननगरमा शनिबार सम्पन्न बैठकबाट अनिलकुमार अनलको संयोजकत्वमा बुद्धिजिबी एवं पेशाकर्मीहरुको आन्दोलन संयोजन समिति गठन गरिएको हो ।

गठित समितिको सहसंयोजकमा नथुनी दास रहेका छन् भने सदस्यहरु भुपेन्द्र मण्डल, मनोज देव, महेन्द्र देब, सुरेन्द्रप्रसाद गुप्ता, बुलबुल चौधरी, पुण्यप्रसाद यादव, गोपालप्रसाद गुप्ता, बिन्देश्वरप्रसाद चौधरी, लेखेन्द्र प्रसाद साह, सुरेश यादव, दिनानाथ यादव, मो. हुसेन र देवराम यादव रहेका छन् ।

पार्टीका जिल्ला अध्यक्ष अशोक मण्डल, जिल्ला सचिव एवं प्रदेश कमिटी सदस्य गोविन्द न्यौपाने र नेकपा प्रदेश कमिटी सदस्य महेश यादवको बिशेष उपस्थितिमा सो आन्दोलन संयोजन समिति गठन गरिएको जनाइएको छ ।


## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd.
BATAS
CG Money CHAUDHARY GROUP

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*